## निर्णयहरु

१. जिल्लामा दोस्रो चरणको नयां भेरियन्ट सहितको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि हालसम्म भएका प्रयासहरुको समिक्षा गरियो। साथै मिति २०७८।४।३२ गते ३.०० वजेसम्म पाल्पा जिल्लामा कोभिड–१९ सम्बन्धमा रहेको निम्न बमोजिमको तथ्याङ्क आजको बैठकमा जानकारी गराइयो।

| सि नं | विषयवस्तु | दोस्रो भेरियन्ट | कैफियत |
|---|---|---|---|
| १ | जम्मा परीक्षण | २५०४० | |
| २ | कूल संक्रमित | ७३१० | |
| ३ | सक्रिय संक्रमित | ४३२ | |
| ४ | होम आइसोलेसनमा | ३८२ | |
| ५ | उपचाररत | ५० | |
| ६ | निको भएका | ८६१५ | |
| ७ | निधन | १६८ | |

२. यस जिल्लामा कोभिड १९ विरुद्धको खोप अभियान संचालन भइरहेको छ। जिल्लामा खोप लक्षित समूह १८ वर्ष माथिको कुल जनसंख्या १,४३,०४५ रहेकोमा मिति २०७८/४/३१ सम्म प्रथम डोज ५२,६९४ जनालाई लगाइसकिएको तथा दोस्रो डोज ३६,४१५ लाई लगाइसकिएको व्यहोरा आजको बैठकमा जानकारी गराइयो।

३. कोभिड–१९ को संक्रमण कायम नै रहेको तथा निकट भविश्यमा तेस्रो भेरियन्ट समेत आउने अनुमान स्वास्थ्य क्षेत्रमा कार्यरत विज्ञहरुबाट गरिएको हुंदा उक्त तेस्रो भेरियन्टको संक्रमण रोकथाम र नियन्त्रणका लागि अपनाउनुपर्ने उपायहरु सहितको कार्ययोजना तयार गरी पेश गर्न सहायक प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेको संयोजकत्वमा देहाय बमोजिमको एक कार्यदल बनाउने। कार्यदलले १० दिन भित्र आफ्नो सुझाव सहितको प्रतिवेदन पेश गर्ने।

| | |
|---|---|
| क. सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | संयोजक |
| ख. प्रमुख, स्वास्थ्य कार्यालय, पाल्पा | सदस्य |
| ग. प्रमुख, पाल्पा अस्पताल, तानसेन | सदस्य |
| घ. प्रमुख, रामपुर अस्पताल, रामपुर | सदस्य |
| ङ. प्रतिनिधि, लुम्बिनी मेडिकल कलेज, प्रभास | सदस्य |
| च. प्रतिनिधि, मिशन अस्पताल, तानसेन | सदस्य |
| छ. प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटि, पाल्पा शाखा | सदस्य |



योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

कार्यदलले आवश्यकतानुसार स्थानीय तहसंग तथा अन्य विषयगत निकायहरुसंग समन्वय गर्न सक्नेछ। समितिले आफ्नो प्रतिवेदन तयार पार्दा जिल्लामा विद्यमान अवस्था, उपलब्ध सुविधाहरु, तेस्रो भेरियन्टबाट पर्न सक्ने संभावित असर, आवश्यक पर्ने क्षेत्रगत सुविधाहरु तथा पूर्वाधार समेतलाई मध्येनजर गरी सुझाव दिनुपर्नेछ।

४. अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री विक्री गर्ने पसल, ग्यांस, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्री लगायतका अन्य सबै पसलहरु विहान ७.०० वजेबाट ५.०० वजेसम्म संचालन गर्ने।

५. सार्वजनिक सेवाहरु संचालन गर्दा तोकिएका सामाजिक दुरी र स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरु सेवा प्रवाह गर्ने निकायहरु तथा सम्पूर्ण नागरिकहरुले अनिवार्य रुपमा पालना गर्ने। तोकिएका मापदण्डहरु पालना गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको तर्फबाट नियमित रुपमा अनुगमन गर्ने।

६. जिल्लामा नयां भेरियन्ट सहितको कोभिड–१९ को संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस अघि जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) पाल्पाको मिति २०७८।४।२१ को निर्णय समेतका आधारमा पाल्पा जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय पाल्पाबाट जारी भएको मिति २०७८।४।३२ गते राति १२.०० वजेसम्म कायम रहेको निषेधाज्ञालाई संक्रमणको अवस्था कायमै रहेको हुंदा संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड–१९ व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।४।३२ गते राति १२.०० वजेदेखि मिति २०७८।५।१२ गते राति १२.०० वजेसम्मका लागि निरन्तरता दिने। यो आदेशको कार्यान्वयनमा जिल्लास्थित सम्पूर्ण निकायहरु व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकहरुका तर्फबाट सहयोग गर्ने।

७. कोभिड-१९ विरुद्धको खोप अभियान संचालन गर्दा नेपाल सरकारले निर्धारण गरेबमोजिम उमेर समूहका आधारमा खोप लगाउने निर्णय गरियो ।

२०७८।४।३२

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी